कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा
दर्ता नं. ३३, दर्ता मिति २०८३।०४।२५

## अख्तियार दुरुपयोग अनुसन्धान आयोग (दोस्रो संशोधन) कार्यविधि, २०८३

आयोगबाट स्वीकृत मिति
२०८३।०४।२१

अख्तियार दुरुपयोग अनुसन्धान आयोग कार्यविधि, २०७८ लाई संशोधन गर्न आवश्यक भएकोले,

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३२ ले दिएको अधिकार प्रयोग गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगले देहायको कार्यविधि बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम “अख्तियार दुरुपयोग अनुसन्धान आयोग (दोस्रो संशोधन) कार्यविधि, २०८३” रहेको छ।

(२) यो कार्यविधि संवत् २०८३ साल भदौ १ गतेदेखि प्रारम्भ हुनेछ।

२. अख्तियार दुरुपयोग अनुसन्धान आयोग कार्यविधि, २०७८ को दफा २३ मा संशोधनः अख्तियार दुरुपयोग अनुसन्धान आयोग कार्यविधि, २०७८ (यसपछि "मूल कार्यविधि" भनिएको) को दफा २३ को उपदफा (३) को खण्ड (ण) को सट्टा देहायको खण्ड (ण) राखिएको छः-

"(ण) उपलब्ध कागजात, स्थलगत नापजाँच तथा निरीक्षण प्रतिवेदन, सम्बन्धित व्यक्तिको बयान, विशेषज्ञको राय समेतलाई अध्ययन तथा विश्लेषण गरी अख्तियारको दुरुपयोग गरी भ्रष्टाचार भए वा नभएको, सो भ्रष्टाचारबाट प्राप्त सम्पत्तिलाई शुद्धीकरण गरे वा नगरेको, सम्बन्धित कानूनको कुन दफा बमोजिम भ्रष्टाचारजन्य कसुर वा सो कसुरसँगै सम्पत्ति शुद्धीकरण सम्बन्धी कसुर गरे वा नगरेको विश्लेषण गरी त्यसमा प्रत्येक पदाधिकारी वा अन्य व्यक्तिको भूमिका तथा दायित्वको बारेमा स्पष्ट उल्लेख गर्ने र निजहरूउपर भ्रष्टाचार मुद्दा वा त्यस्तो भ्रष्टाचार मुद्दासँगै सम्पत्ति शुद्धीकरण सम्बन्धी कसुरमा समेत मुद्दा चलाउनुपर्ने भएमा के कुन कानूनको कुन दफा बमोजिम के कति दण्ड सजायको माग गर्नुपर्ने हो, सो समेतका सम्पूर्ण विवरण खुलाई अनुसूची–९ बमोजिमको ढाँचामा विस्तृत अनुसन्धान प्रतिवेदन तयार गर्ने।"

३. <u>मूल कार्यविधिको दफा २४ मा संशोधनः</u> मूल कार्यविधिको दफा २४ को उपदफा (५) को,-

(१) खण्ड (घ) मा रहेका "आरोपपत्र/अभियोगपत्र" भन्ने शब्दहरुको सट्टा "आरोपपत्र" भन्ने शब्द राखिएको छ।

(२) खण्ड (ङ) मा रहेका "अभियोगपत्रमा कसुर तथा सजायको मागदाबी सम्बन्धी कानून अनुसार मागदाबी" भन्ने शब्दहरूको सट्टा "आरोपपत्रमा भ्रष्टाचारजन्य कसुर वा भ्रष्टाचारजन्य कसुरसँगै सम्पत्ति शुद्धीकरण सम्बन्धी कसुर समेत गरे उपर सम्बन्धित कानून अनुसारको सजायको मागदाबी" भन्ने शब्दहरू राखिएका छन्।

४. <u>मूल कार्यविधिको अनुसूचीमा संशोधनः</u> मूल कार्यविधिको अनुसूची-९ को सट्टा देहायको अनुसूची-९ राखिएको छः-

**"अनुसूची-९**

(दफा २३ को उपदफा (३) को खण्ड (ण) सँग सम्बन्धित)

<u>विस्तृत अनुसन्धान प्रतिवेदनको ढाँचा</u>

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका अनुसन्धान अधिकृत श्री .................. ले पेश गरेको

<u>विस्तृत अनुसन्धान प्रतिवेदन</u>

अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा दर्ता हुन आएको उ.द.नं. ...................... मिति ......................... को उजुरीको सम्बन्धमा विस्तृत अनुसन्धानको कार्य सम्पन्न गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम २३ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग कार्यविधि, २०७८ को दफा २३ को उपदफा (३) को खण्ड (ण) बमोजिम यो विस्तृत अनुसन्धान प्रतिवेदन तयार गरी आयोग समक्ष पेश गरेको छु।

.............................. को उजुरी/प्रतिवेदनले नेपाल सरकार ................१ } वादी

<u>विरुद्ध</u>

१. ......................................................................................१ }<br>
२. ......................................................................................१ } प्रतिवादी<br>
३. ......................................................................................१ }

मुद्दाः ........................ ।

१. उजुरी/प्रतिवेदन दर्ता नम्बर र मितिः

२. उजुरी/प्रतिवेदनको संक्षिप्त व्यहोराः

३. प्रारम्भिक छानबिन शुरु गरेको/आन्तरिक स्मृतिपत्रको मितिः

४. विस्तृत अनुसन्धान गर्न निर्णय भएको मिति र विषयः

५. कसुर भएको स्थान र मितिः

६. अनुसन्धानको क्रममा सङ्कलित तथ्य र सबुद प्रमाण (मुचुल्का, सोधपुछ कागज, बयान, प्रतिवेदन समेतका कागजात)को संक्षिप्त व्यहोराः

(क)

(ख)

(ग)

७. प्रतिवादी उपरको आरोप पुष्टि हुने वा नहुने (आरोप पुष्टि नहुने अवस्था भए सोको आधार र कारण):

(क)

(ख)

(ग)

८. अनुसन्धान अधिकृतको रायः

(क)

(ख)

(ग)

९. प्रतिवादी उपरको आरोप :

(क)

(ख)

(ग)

१०. प्रतिवादीलाई हुनुपर्ने सजाय तथा थप सजाय :

(क)

(ख)

(ग)

११. प्रतिवादी उपरको अन्य कसुर र सजायको मागदाबी :

(क)

(ख)

(ग)

१२. भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५५ र सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ को दफा ४४ बमोजिम सजाय छुटको मागदाबी तथा सरकारी साक्षी बनाउनुपर्ने भए सोको आधार र कारणः

(क)

(ख)

(ग)

१३. जफत हुनुपर्ने सम्पत्ति भए सोको विवरण, सो सम्पत्ति रोक्का र मागदाबी :

(क)

(ख)

(ग)

१४. बिगो र क्षतिपूर्तिको मागदाबी :

(क)

(ख)

(ग)

१५. आरोप दाबीसँग सम्बन्धित कानूनी व्यवस्थाः

(क)

(ख)

(ग)

१६. खुलाउनुपर्ने देखिएका अन्य कुराः

(क)

(ख)

(ग)

१७. सबुद प्रमाणः

(क) दशी प्रमाणः

(ख) लिखित प्रमाणः

(ग) विशेषज्ञ र अन्य साक्षीः

(घ) अन्य प्रमाणः

१८. धरौटी लिएको वा सम्पत्ति रोक्का राखिएको भए सोको फुकुवा वा रोक्का निरन्तरता सम्बन्धी विवरणः

**अनुसन्धान अधिकृतको,-**
हस्ताक्षरः
नाम, थर (सङ्केत नम्बरसहित):
मितिः

---

<u>नोटः</u> १. आरोप पुष्टि हुन नसक्ने अवस्था देखिएको उजुरीको विस्तृत अनुसन्धान प्रतिवेदनमा यस अनुसूचीको क्रमसङ्ख्या १, २, ३, ४, ५, ६, ७, ८, १७ र १८ को विवरण मात्र खुलाउनुपर्नेछ।

२. भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० बमोजिमको स्रोत खुल्न नसकेको गैरकानूनी सम्पत्ति उपरको विस्तृत अनुसन्धान प्रतिवेदन गैरकानूनी सम्पत्ति अनुसन्धान कार्यविधि, २०७८ को अनुसूची-५ बमोजिमको ढाँचामा तयार गर्नुपर्नेछ।"